# संविधानसभा निर्वाचन घोषणा, विपक्षीद्वारा विरोध (जेठ १८-असार १६, २०७०)

भुवन केसी/तिलक पाठक

प्रकाशन मितिः असार २०, २०७० (July 4, 2013)

निर्वाचन हुने निश्चित नभएपनि सरकारले मंसिर ४ गतेका लागि संविधानसभा निर्वाचन मिति घोषणा गऱ्यो । एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले मिति घोषणाको स्वागत गर्दै निर्वाचनको तयारीमा लागे । जारी राजनीतिक प्रक्रियाको विपक्षीमा रहेका दलहरुले त्यसको विरोध गरे । त्यसपछि मुख्य दलका नेताहरुले विपक्षी दलहरुसँग सहमतिका लागि प्रयास गर्ने र नभए मंसिरको चुनावलाई कसैले रोक्न नसक्ने दाबी गरे । विपक्षमा रहेका दलहरुले आफ्ना माग पूरा नभए निर्वाचन हुनै नसक्ने र हुन पनि नदिने ठोकुवा गरे । राजनीतिक दलहरुबीच विवाद जारी रहेको बेला निर्वाचन आयोगले निर्वाचन सम्बन्धी तयारी अघि बढायो । तर, राजनीतिक दलहरुबीच सहमति हुन नसक्दा निर्वाचनको माहोल बनेन ।

## अध्यादेशमा विवाद

राजनीतिक दलहरुबीच संविधानसभा सदस्यहरुको निर्वाचन सम्बन्धी अध्यादेशमा व्यापक विवाद भयो । मूलतः संविधानसभा सदस्य संख्या, उम्मेदवारको योग्यता र थ्रेसहोल्डको व्यवस्थामा दलहरुबीच विवाद भएको हो । मुख्य दलहरुबीच प्रधानन्यायाधीश खिलराज रेग्मीलाई प्रधानमन्त्री बनाउनु अघि जारी गरिएको संविधानको बाधा अडकाउमा संविधानसभाको संख्या ४ सय ९१ बनाउने सहमति भएको थियो । तर, त्यो सहमतिबाट एकीकृत नेकपा माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा पछि हटे । र, संविधानसभा सदस्य संख्या बढाउनुपर्ने प्रस्ताव गरे । काँग्रेस र एमालेले त्यसमा सहमति जनाएनन । उनीहरुले संविधानसभाको संख्या बढाउन नहुनेमा जोड दिए । पहिले भएको सहमति उल्टाउँदै जाने हो भने सहमतिमा पुग्न नसकिने उनीहरुको तर्क थियो । तर, २०७० साल जेठ २० गते बसेको उच्चस्तरीय राजनीतिक समितिको बैठकमा माओवादी र मधेशी मोर्चा आफ्नो भनाइबाट पछि हटेकाले संविधानसभा सदस्य चार सय ९१ नै राख्ने सहमति भयो । तर, यो सहमतिमा माओवादी धेरै समय टिकेन । असार १० गते माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वमा रहेको संघीय लोकतान्त्रिक गठबन्धनले 'आगामी संविधानसभा सदस्य संख्या ६ सय १ पुऱ्याउन लागि पर्ने'[1] निर्णय गऱ्यो । यसबाट विवाद झन् बल्झियो ।

निर्वाचन आयोगले शुरुमा संविधानसभा सदस्य सम्बन्धी अध्यादेशमा एक दशमलव पाँच प्रतिशत थ्रेसहोल्ड राख्न प्रस्ताव गऱ्यो । मुख्य दलहरुबीच थ्रेसहोल्ड राख्ने सहमति पनि भयो । दलहरुसँगको परामर्शपछि आयोगले सरकारलाई प्रस्ताव गरेको अध्यादेशमा एक प्रतिशत थ्रेस होल्डको व्यवस्था थियो । जसमा 'यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा राजनीतिक दलले दफा ६७ बमोजिम सीट प्राप्त गर्नको लागि सो दलले सो

[1] तिमल्सिना, प्रकाश । दाहाल नेर्तत्वको मोर्चा ६०१ मै फर्कने । Retrived June 27, 2013, from http://www.nagariknews.com/main-story/story/3221/3221

निर्वाचन प्रणाली अन्तर्गत मतदान भएको कूल सदर मतको एक प्रतिशत मत प्राप्त गर्नु पर्नेछ ’[2] भन्ने उल्लेख थियो ।

थ्रेसहोल्ड राख्ने व्यवस्थाको साना दलहरुले विरोध गरे । उनीहरुले आन्दोलन गर्ने चेतावनी दिए । त्यसमा पनि एकीकृत नेकपा माओवादी आफ्नो प्रस्तावबाट पछि हट्यो । र, थ्रेसहोल्ड राख्न नहुनेमा जोड दियो । काँग्रेस र एमालेले थ्रेस होल्ड राख्नुपर्ने अडान लिए । एमालेले स्थायी समितिबाटै थ्रेसहोल्ड राख्ने प्रस्ताव पारित गर्‍यो । एमालेको अडानलाई काँग्रेसले साथ दियो । थ्रेसहोल्ड राख्दा संविधानसभामा धेरै दल हुँदैनन र संविधान निर्माणमा सहयोग पुग्छ भन्ने एमाले र काँग्रेसको तर्क थियो । माओवादीले संविधानसभामा सबै पक्षको उपस्थिति र सहभागिताका लागि पनि थ्रेसहोल्ड राख्न नहुने जिकिर गरेको थियो । दलहरुबीच विवाद जारी रहेका बेला राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले ‘थ्रेसहोल्ड जस्ता कुरा निकालेर चुनाव हुन सकदैन’[3] भने । दलहरुबीच कुरा मिल्न नसकिरहेको अवस्थमा मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले ‘थ्रेसहोल्डको व्यवस्था नराखी निर्वाचन कानूनमा सहमति जुटाउन’[4] शिर्ष नेताहरुलाई आग्रह गरे ।

उम्मेदवारको योग्यतासम्बन्धी प्रावधानलाई लिएर पनि दलहरुबीच विवाद देखापर्‍यो । एकीकृत नेकपा माओवादी र मधेशवादी दलहरुले संक्रमणकालिन अवस्था र शान्ति प्रक्रिया जारी रहेकाले फौजदारी अभियोग लागेकाले पनि निर्वाचनमा उठन पाउनुपर्ने अडान लिए । काँग्रेस र एमालेले फौजदारी अभियोग लागेकाले निर्वाचनमा उठन नपाउने व्यवस्था हुनुपर्नेमा अड्डी कसे । निर्वाचन आयोगले तयार पारेको संविधानसभासम्बन्धी अध्यादेशको मस्यौदामा ‘ज्यान, चोरी, डाँका, अपहरण, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, लागू औषध, कैदबाट भागेको वा अरुलाई भगाएको, जासूसी, संरक्षित वन्यजन्तु र वनस्पति, पुरातात्विक वस्तु वा भन्सार चोरी निकासी पैठारीको कसूरमा अदालतको फैसलाबाट सजाय पाई सो सजाय भुक्तान गरेको छ वर्ष पूरा नभएको’ उम्मेदवार बन्न नपाउने उल्लेख गरिएको थियो । काँग्रेस र एमालेले संविाधानसभा निर्वाचनमा उम्मेदवारहरुले सम्पत्ती विवरण बुझाउनुपर्ने प्रावधान राख्न जोड गरेपनि यसमा पनि मुख्य दलहरुबीच सहमति हुन सकेन ।

निर्वाचन सम्बन्धी अध्यादेशमा दलहरुबीच छलफल भइरहने तर सहमति हुन नसकिरहेका बेला माओवादी नेता बाबुराम भट्टराईले समितिमाथि नै प्रश्न उठाए । उनले टवीटरमा लेखे-‘उच्चस्तरीय राजनीतिक समितिको बैठकको कर्मकाण्डमा सहभागी भएर अहिले म लज्जा र असहाय बोध गरिरहेको छु । पुरानै रटान र निर्वाचन नगर्ने आत्मघाती मार्गतर्फ हिडेको सुनिरहेको छु ।’[5] राजनीतिक दलहरुबीच निर्वाचन सम्बन्धी अध्यादेशमा सहमति नभएपछि मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले उच्चस्तरीय राजनीतिक समितिका संयोजक समेत रहेका एमाले अध्यक्ष झलनाथ खनाल लगायतका नेतालाई भेटी चार दिनभित्रमा राजनीतिक सहमति जुटाउन दबाब दिए । तर, त्यस अवधिमा पनि दलहरुबीच

[2] निर्वाचन आयोगले सरकारलाई पेश गरेको संविधानसभा सदस्य निर्वाचन ऐनको मस्यौदा ।

[3] नयाँ कुरा ल्याउनु मुर्खता : सूर्यबहादुर थापा । Retrieved June 10, 2013 from http://www.nagariknews.com/politics/party-politics/story/2384/2384

[4] न्यौपाने, कुलचन्द्र । थ्रेसहोल्ड छाडनुहोस : रेग्मी । कान्तिपुर दैनिक, पृष्ठ १ । जेठ २६, २०७० ।

[5] लामिछाने, प्रशान्त । ट्विट गर्दै भट्टराइले भने -‘समितिको बैठक आत्मघाती बाटोतर्फ ’। Retrieved June 29, 2013 from http://www.nagariknews.com/politics/party-politics/story/2285/2285

सहमति हुन सकेन । त्यसपछि जेठ २७ गते राजनीतिक दलहरुले निर्वाचनसम्बन्धी अध्यादेशका विवादास्पद विषयबारे निर्णय गर्ने जिम्मा सरकारलाई दिए । समितिको बैठकमा दलहरुबीच सरकारले गर्ने निर्णयलाई स्वीकार्ने सहमति भएको थियो ।

## निर्वाचन घोषणा

निर्वाचनको मिति घोषणाबारे उच्चस्तरीय राजनीतिक समितिको बैठकमा धेरै पटक छलफल भएपनि कानूनमा सहमति नभएको भन्दै निर्णय हुन सकेन । उनीहरुले निर्वाचनको मिति सरकारले घोषणा गर्नुपर्ने माग गर्न थाले । राष्ट्रपति रामवरण यादवले पनि निर्वाचनको मिति छिटो घोषणा गर्न सरकार र राजनीतिक दलहरुलाई सुझाव दिए । त्यसपछि मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले राष्ट्रपति रामवरण यादव, माओवादी अध्यक्ष दाहाल, काँग्रेस सभापति सुशील कोइराला, एमाले अध्यक्ष खनाल लगायतसँग परामर्श गरे । नेताहरुले सरकारले छिट्टै संविधानसभाको मिति घोषणा गर्ने भन्दै कार्यकर्ताहरुलाई गाउँगाउँमा जान समेत निर्देशन दिए । यसैबीच जेठ ३० गते बसेको मन्त्रिपरिषद्को बैठकले मंसिर ४ गते संविधानसभा निर्वाचन गर्ने निर्णय गऱ्यो । र, निर्वाचन सम्बन्धी अध्यादेश स्वीकृतिका लागि राष्ट्रपति कार्यालय पठाउने निर्णय गऱ्यो ।

संविधानसभा निर्वाचनको मिति घोषणालाई मुख्य दलहरुले स्वागत तथा समर्थन गरे । माओवादी प्रवक्ता अग्नी सापकोटाले 'सबैले चुनाव चाहेका छन् । त्यसैले दलहरुले अब माहोल बनाउँदै लैजानुपर्छ'[6] भने । माओवादीले 'निर्वाचनको मिति तय गरेकोमा अन्तरिम चुनावी मन्त्रिरिषद्लाई धन्यवाद दियो'[7]। काँग्रेसका उपसभापति रामचन्द्र पौडेलले 'अब कसैले पनि तर्क र कुतर्क गरेर माहौल बिगार्न हुँदैन'[8] भन्ने टिप्पणी गरे भने एमाले महासचिव ईश्वर पोखरेलले 'निर्वाचनसँग जोडिएका कानून लगायतका विषयमा पार्टीहरुका आ-आफ्नै मत हुन सक्ने भएपनि अब ती कुरालाई बिर्सेर चुनावी अभियानमा लाग्नुपर्ने'[9]मा जोड दिए ।

२०७० साल जेठ ३१ गते राष्ट्रका नाममा सम्बोधन गर्दै मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले 'सरकारको मूल उद्देश्य स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा नागरिकहरुको सहभागिता सुनिश्चित गरी निर्वाचन सम्पन्न गर्नु हो' भन्दै संविधानसभा निर्वाचनको प्रक्रियाको विपक्षीमा रहेका दलहरुलाई सहयोगका लागि आग्रह गरे । र, भने-'सरकार निर्माणको प्रक्रियामा असहमति तथा विमति राख्ने र निर्वाचनको प्रक्रिया बारेमा विभिन्न माग राखी विरोध गरिरहेका राजनीतिक दलहरुलाई तत्काल वार्तामा आइ छलफलद्वारा समस्याको समाधान निकाल्न र राजनीतिक दलहरुले आपसमा संवाद गरी राजनीतिक मत भिन्नताहरु छलफलद्वारा निकास निकाली निर्वाचनमैत्री वातावरण निर्माण गरी सहयोग गर्न विशेष आग्रह गर्दछु ।'[10] असार ९ गते एकसय दिनको समीक्षा गर्दै सरकारले निर्वाचन कानून र मिति घोषणा मुख्य उपलब्धी भएको दाबी गऱ्यो । मुख्य र साना दलहरुसँग वार्ता भएपनि निर्वाचनको विरोध गर्दै आएको

---

[6] विरोधका कुरा छाडौ । कान्तिपुर दैनिक, पृष्ठ १ । जेठ ३१, २०७० ।

[7] **प्रचण्डको नेतृत्वमा चुनाव समिति । Retrieved June 29, 2013 from**
http://www.nayapatrika.com/index.php?option=com_content&view=category&layout=blog&id=56&Itemid=75&limitstart=284

[8] विरोधका कुरा छाडौ । कान्तिपुर दैनिक, पृष्ठ १ । जेठ ३१, २०७० ।

[9] विरोधका कुरा छाडौ । कान्तिपुर दैनिक, पृष्ठ १ । जेठ ३१, २०७० ।

[10] २०७० साल जेठ ३१ गते मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले राष्ट्रका नाममा गरेको सम्बोधन ।

वैद्य नेतृत्वको माओवादी र मोर्चासँग भने वार्ता हुन सकेन । तैपनि सरकारले वार्ताका लागि आह्वान गर्दै भन्यो-‘पटक पटकका प्रयासहरुका बाबजुद पनि नेकपा माओवादीसँग अझैपनि औपचारिक रुपमा वार्ता हुन सकेको छैन । संविधानसभाको निर्वाचनमा नेकपा माओवादीलगायत मुलुकका सम्पूर्ण राजनैतिक दलको सहभागिता हुनुपर्छ भन्ने नेपाल सरकारको धारणा छ र निर्वाचनका लागि सहज वातावरण तयार गर्न नेपाल सरकार प्रयत्नशिल रहेको पनि छ । मुलुकको कुनै पनि समस्या वार्ता र परामर्शबाट मात्र समाधान गर्न सकिने हुनाले संविधानसभाको निर्वाचन लगायत अन्य समसामयिक विषयमा सरकारसँग तत्काल वार्ता, छलफल र परामर्शमा आउन नेपाल सरकार नेकपा माओवादी तथा सो दल समेत रहेको मोर्चालाई पुन हार्दिक आह्वान गर्दछ ।’[11] यसअघि जेठ १९ गते पनि सरकारले माओवादीलाई पूर्व शर्त नराखी वार्तामा आउन आह्वान गरेको थियो ।

## दलीय गतिविधि

निर्वाचनको घोषणापछि मुख्य दलहरु निर्वाचनमा केन्द्रीत हुन थाले । निर्वाचन घोषणा भएको अर्को दिन बसेको एकीकृत नेकपा माओवादी केन्द्रीय समितिको बैठकले अध्यक्ष दाहालको संयोजकत्वमा ६५ सदस्यीय निर्वाचन परिचालन कमिटी गठन गऱ्यो । काँग्रेस सभापति कोइरालाले निर्वाचनलाई सम्पन्न गर्न काँग्रेस कटिबद्ध भएको बताए । उता, एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मंसिरमा चुनाव हुनेमा शंका नगर्न आग्रह गरे । काँग्रेस र एमाले आन्तरिक गृहकार्यमा लागेका बेला माओवादी अध्यक्ष दाहाल देशका विभिन्न भागमा पुगे । पोखरामा पुगेर माओवादी अध्यक्ष दाहालले भने ‘हामीलाई दुई तिहाइ दिनुस, तपाईलाई नयाँ नेपाल दिन्छौ’ । इटहरीमा थरुहट मुद्दालाई मूल मुद्दाका रुपमा उठाउने प्रतिबद्धता जाहेर गरे । यस्तै राजधानीमा अल्पसंख्यक जाति तथा जनजातिलाई अधिकार सम्पन्न बनाउन माओवादी प्रतिबद्ध रहेको बताए ।

## मुख्य चुनावी मुद्धा

| एकीकृत नेकपा माओवादी | नेपाली काँग्रेस | नेकपा एमाले | मधेशी जनअधिकार फोरम लोकतान्त्रिक |
|---|---|---|---|
| संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत, पहिचान सहितको संघीयता, कार्यकारी राष्ट्रपति । | लोकतान्त्रिक संविधान, साझा पहिचानयुक्त प्रदेश निर्माण, आर्थिक समृद्धि, गणतन्त्रको संस्थागत विकास, मिश्रित निर्वाचन प्रणाली । | लोकतान्त्रिक संविधान, बहुपहिचानमा आधारित संघीयता । | मधेश आन्दोलनले स्थापित गरेका मुद्धा र पहिचान सहितको संघीयता |

काँग्रेसले कार्यकारी अधिकार सहितको संसदबाट निर्वाचित प्रधानमन्त्री र अध्यक्ष मण्डलबाट निर्वाचित संवैधानिक राष्ट्रप्रमुख रहेको शसकीय स्वरुपमा जाने तयारी गऱ्यो । काँग्रेस महामन्त्री कृष्णप्रसाद सिटौलाले संघीयता काँग्रेसको मुद्दा भएको दाबी गरे । एनेकपा माओवादी नेतृत्वको संयुक्त लोकतान्त्रिक

---

[11] नेपाल सरकारको आव्हान । असार १४, २०७० ।

गणतान्त्रिक गठबन्धनको असार ९ गते बसेको बैठकले 'मंसिर ४ गतेका लागि घोषित दोस्रो संविधानसभा निर्वाचन सफल पार्न सबैलाई अपिल'[12] गऱ्यो ।

## निर्वाचनको विरोध

सरकारले गरेको निर्वाचन मिति घोषणाको मुख्य दलहरुले समर्थन गरेपनि आन्दोलनरत दलहरुले सशक्त विरोध गरे । नेकपा माओवादीसहितको ३३ दलिय मोर्चा, उपेन्द्र यादवले नेतृत्व गरेको संघीय लोकतान्त्रिक मोर्चा[13]ले विरोध गरे । 'सरकारले हाम्रा मागहरुको बेवास्ता गर्दै चार दलीय सिण्डीकेटको निर्देशनमा उत्पीडनमा पारिएका आदिवासी जनजाति, दलित, महिला मधेसीहरुको प्रतिनिधित्वलाई समेत हतोत्साही बनाउने गरि निर्वाचन अध्यादेश जारी गरि आगामी मंसिर ४ गते संबिधानसभाको निर्वाचन गर्ने भनेर सरकारले जुन ढंगले मिति घोषणा गरेको छ, सरकारको यो कदम अलोकतान्त्रिक र प्रतिगामी भएको ठहर गर्दै उक्त घोषणा अविलम्ब खारेज गरियोस र फेरी पनि राजनीतिक दलहरुको बीचमा नयाँ राजनितिक सहमति कायम गरी अग्रगामी राजनितीक निकास खोजियोस् भनि जोडदार माग गर्दछौ'[14] ३३ दल र संघीय लोकतान्त्रिक मोर्चाले संयुक्त विज्ञप्ती जारी गर्दै भन्यो । संघीय समाजवादी पार्टीले पनि सहमतिविना निर्वाचन घोषणा गरिएको भन्दै विरोध गऱ्यो । नेकपा माओवादीका अध्यक्ष मोहन बैद्यले 'आफ्ना मागको सुनवाइ नगरी संविधानसभाको निर्वाचन गर्न खोजिए त्यसको प्रतिरोध गर्न युवाहरुलाई निर्देशन'[15] दिए । चुनाव भाँडन भन्दै माओवादीले दाङ जिल्लामा 'युवा दस्ता' गठन गऱ्यो । संघीय लोकतान्त्रिक मोर्चाले निर्वाचन प्रक्रिया अघि नबढाउन मुख्य दल र सरकारलाई चेतावनी दियो भने संघीय समाजवादी पार्टीले आन्दोलनबाट निकास खोज्ने धम्की दियो ।

माओवादी सहितको ३३ दलीय मोर्चा र संघीय लोकतान्त्रिक मोर्चाले निर्वाचन घोषणाको विरोधमा असार २ गते नेपाल बन्द कार्यक्रम आयोजना गरे । माओवादी अध्यक्ष बैद्यले निर्वाचन बहिस्कारको बारेमा अन्तिम निर्णय भइनसकेको भन्दै मंसिर ४ गतेको निर्वाचन र निर्वाचन कार्यतालिका रोकिए वार्तामा बसेर सहमतिको आधारमा चुनावमा जान सकिने धारणा व्यक्त गरे । त्यतिमात्र होइन, माओवादीले प्रधानसेनापतिसँग कुरा गर्न सक्ने बतायो । माओवादी उपाध्यक्ष सिपी गजुरेलले 'सरकार र चार दलले जबरजस्ती चुनाव गराए मुलुक फेरि द्वन्द्वमा जाने भएकाले त्यसलाई रोक्न प्रधानसेनापति गौरबशम्शेर राणासँग पार्टीले छलफल गर्ने'[16] बताए । त्यसपछि सरकारले विपक्षी दलहरुलाई वार्ताका लागि आह्वान गऱ्यो । ३३ दलले 'प्रतिगामी निर्वाचन बदर गरी आन्दोलनरत अग्रगामी तथा देशभक्त

---

[12] निर्वाचन सफल पार्न गठबन्धनको अपिल । Retrieved June 30, 2013, from http://krishnasenonline.org/main/news.php?pname=krishnasen&id=7892&cata_name=politics

[13] संघीय लोकतान्त्रिक मोर्चामा मधेशी जनाधिकार फोरम नेपाल,राष्टिय मधेस समाजवादी पार्टी,ताम्सालिङ नेपाल राष्टिय दल,जनमुक्ति पार्टी नेपाल, ,नेपाल लोकतान्त्रिक नगरिक पार्टी, थरुहट तराई पार्टी नेपाल, नेपाल शान्ति समाज दल र किराँत खम्बुवान स्वायत्त राज्य छन् ।

[14] संयुक्त प्रेस विज्ञप्ति । ३३ दल र संघीय लोकतान्त्रिक मोर्चा । जेठ ३१, २०७० ।

[15] निर्वाचनको प्रतिरोध गर्न बैद्यको निर्देशन । Retrieved June 30, 2013, from http://setopati.com/raajneeti/1128/

[16] प्रधानसेनापतिसँग वार्ता गर्छौं : उपाध्यक्ष गजुरेल । Retrieved June 30, 2013, from http://www.nagariknews.com/politics/party-politics/story/3430/3430

शक्तिहरु सहितको सर्वपक्षिय र सर्वदलिय बैठक बसी राष्ट्रिय राजनीतिक सहमति कायम गरियोस'[17] भन्ने माग गऱ्यो । तरपनि खासै प्रगति भएन । बरु पोखरामा भएको माओवादीको केन्द्रीय कमिटीको बैठकमा संविधानसभा निर्वाचनलाई 'कुनै पनि अवस्थामा स्वीकार गर्न नसक्ने र बहिष्कार गरेर जानुपर्ने'[18] प्रस्ताव पारित भयो ।

## चुनावमा आउने विश्वास

सरकार र उच्चस्तरीय राजनीतिक समितिमा चुनावको विपक्षमा रहेका दलहरुलाई निर्वाचनमा ल्याउनेबारे छलफल भयो । माओवादी अध्यक्ष दाहालले आन्दोलनरत दलहरु छिट्टै सहमतिमा आउने दाबी गरे । काँग्रेस महामन्त्री प्रकाशमान सिंहले माओवादी लगायत ३३ दलले निर्वाचनमा भाग लिने विश्वास व्यक्त गरे । उच्चस्तरीय राजनीतिक समितिका संयोजक समेत रहेका मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारले राजनीतिक निकास र देशको समृद्धिका लागि निर्वाचन नै एकमात्र विकाल्प भएको बताउँदै आफूले संयोजकको हैसियतले असन्तुष्ट सबै राजनीतिक दलहरुसँग वार्ता गरी उनीहरुलाई पनि सहमतिमा ल्याउने दृढता व्यक्त गरे । उनले 'मंसिर ४ गतेका लागि घोषित संविधानसभाको निर्वाचन स्वीकारे नेकपा माओवादीले भने जस्तो विघटित संविधानसभामा प्रतिनिधित्व गर्ने दलहरुको सम्मेलन बोलाउन आफूहरु तयार रहेको'[19] बताए ।

यता, एमाले महासचिव ईश्वर पोखरेलले पनि निर्वाचन भाँडन खोज्ने, हिंसात्मक विद्रोह गर्ने र हतियार उठाउन खोज्ने बाहेकका राजनीतिक विषय उठाउँदै आएका असन्तुष्ट दलसँग अधिकतम लचकताका साथ राजनीतिक विषयमा सम्बोधन गर्न एमाले तयार रहेको धारणा व्यक्त गरे । माओवादी प्रवक्ता अग्नि सापकोटाले 'निर्वाचन प्रक्रियाको विरोधमा रहेका दलहरुलाई सहमतिमा ल्याउन उच्चस्तरीय राजनीतिक समिति पुनर्गठन गर्न सकिने'[20] बताए । एमाले अध्यक्ष खनालले 'माओवादीले राखेका माग मध्ये गोलमेच सम्मेलनमात्र पूरा गर्न सक्ने'[21] स्पष्ट पारे ।

## चुनावी दृढता

चुनावको विपक्षमा रहेका दलहरुले आफ्ना माग पूरा नभै निर्वाचनमा भाग नलिने अडान लिएपछि मुख्य दलहरु उनीहरुप्रति आक्रमक रुपमा प्रस्तुत भए । माओवादी अध्यक्ष दाहालले बैद्य नेतृत्वको माओवादीले चुनाव रोक्न नसक्ने भन्दै 'अरु दल सहमतिमा आए बैद्य नेतृत्वको माओवादी मात्रै सहभागी नहुने अवस्थामा संविधानसभाको चुनाव नारोकिने'[22] बताए । उनले 'निर्वाचन विरोधी

[17] प्रेस विज्ञप्ति । ३३ दलीय मोर्चा । असार १०, २०७० ।

[18] प्रेस विज्ञप्ति । नेकपा माओवादी । असार १५, २०७० ।

[19] मंसिर ४ को चुनावमा आए बैद्यका शर्त पूरा हुन्छन : गच्छदार । Retrived June 30, 2013, from http://www.nagariknews.com/main-story/story/3351

[20] उच्चस्तरीय समिति पुनर्गठन गर्न सकिन्छ : प्रवक्ता सापकोटा । Retrieved June 29, 2013, from http://ucpnmaoist.org/nepali/Pages.aspx?page=activities

[21] गोलमेच सम्मेलन बाहेक अरु माग पूरा हुन सक्दैनन : खनाल । Retrieved June 29, 2013, from http://krishnasenonline.org/main/news.php?pname=krishnasen&id=8018&cata_name=politics

[22] चापागाई, भीम । नेकपा माओवादीले मात्रै चुनाव रोक्न सक्दैन : दाहाल । जेठ २८, २०७० ।

शक्तिलाई जनताले ठेगान लगाउने'[23] चेतावनी पनि दिए । एमाले उपाध्यक्ष वामदेव गौतमले विपक्षी दलहरुले जतिसुकै धम्की दिएपनि मंसिरमा चुनाव हुने ठोकुवा गरे । 'निर्वाचनको विरोधमा जानेले जनतासँग भिडनुपर्छ । जनता उठ्दा बादशाह हारेका छन'[24] गौतमले भने । एमाले अध्यक्ष खनालले पनि निर्वाचन बहिस्कार गर्ने पार्टी आफै बहिस्कृत हुने चेतावनी दिए ।

**दलिय आरोप प्रत्यारोप**

मंसिरमा संविधानसभा निर्वाचन हुने/नहुने निश्चित नभएका बेला राजनीतिक दलहरु भने एकअर्कालाई आरोप लगाउन व्यस्त रहे । एमाओवादी महासचिव पोष्टबहादुर बोगटीले काँग्रेस र एमालेले चुनाव विरोधी दलहरुलाई उचाल्ने, अनावश्यक विवाद झिक्ने र उच्चस्तरीय समितिको बैठक समेत नगरेको आरोप लगाए । एमाले वरिष्ठ नेता नेपालले माओवादी र मधेशवादी दलका कारण निर्वाचनको मिति घोषणा हुन नसकेको आरोप लगाए । नेकपा माओवादीका सचिव देव गुरुङले चार दलले मुलुकको सत्ता सेनालाई बुझाउन लागेको आक्षेप लगाए ।

| एनेकपा माओवादी | काँग्रेस | एमाले | नेकपा माओवादी |
|---|---|---|---|
| काँग्रेस र एमाले चुनाव चाहान्नन-माओवादी महासचिव पोष्टबहादुर बोगटी | एमाओवादी र एमाले एजेण्डाबिहिन -काँग्रेस उपसभापति रामचन्द्र पौडेल | एमाओवादी चुनाव भाँडन चाहन्छ- एमाले वरिष्ठ नेता माधवकुमार नेपाल | विदेशीको इशारामा चार दलले मुलुकका सत्ता सेनालाई सुम्पन लागे- माओवादी सचिव देव गुरुङ |
| काँग्रेस र एमालेको आनाकानीले निर्वाचनको मिति घोषणा हुन सकेन-माओवादी अध्यक्ष पुष्पकमल दाहाल | | | प्रचण्ड जुन बेला जे पनि भन्छन, पार्टी त्यसै विभाजित भएको होइन, उनीहरुले नौलो जनवाद छाडे-नेकपा माओवादी मोहन बैद्य । |
| किरणजी पनि एक दिन व्युँझनुहुन्छ । व्युँझेपछि उहाँ पनि घर फर्कहुन्छ-माओवादी अध्यक्ष पुष्पकमल दाहाल । | | | |

23 निर्वाचन विरोधीलाई जनताले ठेगान लगाउँछन : अध्यक्ष प्रचण्ड । Retrieved June 30, 2013, from http://ucpnmaoist.org/nepali/Pages.aspx?page=activities

24 बैद्य, यादव कोही नआएपनि चुनाव हुन्छ : वामदेव गौतम । Retrieved June 30, 2013, from http://www.nagariknews.com/politics/party-politics/story/2951/2951

## चन्दा विवाद

यसबीचमा एकीकृत नेकपा माओवादीलाई संविधानसभा निर्वाचनका लागि चन्दा उठाएको आरोप लाग्यो । नेपाल उद्योग बाणिज्य महासंघको टोलीले मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीलाई पनि भेट्यो । त्यसपछि माओवादी प्रवक्ता अग्नि सापकोटाले प्रेस विज्ञप्ति निकाली माओवादीले संस्थागत रुपमा चन्दा नउठाएको दाबी गरे ।

## निर्वाचन आयोगको सक्रियता

सरकार र मुख्य राजनीतिक दलहरुबीच निर्वाचनबारे छलफल चलिरहेका बेला निर्वाचन आयोगले आफ्ना कामलाई निरन्तर रुपमा अघि बढायो । जेठ २४ गते निर्वाचन आयोगले २०७० साल असार मसान्तभित्र १८ वर्ष पुगेकाले पनि निर्वाचनमा मतदान गर्न पाउने स्पष्ट पार्‍यो । आयोगले राजनीतिक दलहरुको आयव्ययबारे पनि चासो व्यक्त गर्‍यो । २५ हजार भन्दा बढी चन्दा दिनेको विवरण बुझाउन राजनीतिक दलहरुलाई आयोगले आग्रह गर्‍यो । दलहरुले जवरजस्त रुपमा चन्दा उठाएको भनिएबारे पनि आयोगले ध्यानाकर्षण भएको जनायो ।

सरकारले निर्वाचनको मिति घोषणा गरेपछि आयोगले मंसिर ४ गते हुने संविधानसभाको कार्यतालिका सार्वजनिक गर्‍यो । कार्यतालिमा मुख्य राजनीतिक दलहरुले सहमति जनाए । आयोगले निर्वाचन आचार संहिता २०७० बारे बहस चलायो । जसमा निर्वाचन प्रयोजनका लागि हवाइजहाज र हेलिकप्टर प्रयोग गर्न नपाइने लगायतका प्रावधान थिए । निर्वाचन आयोगमा १ सय ३९ राजनीति दल दर्ता भए । तर नेकपा माओवादीले भने दल दर्ता गरेन । माओवादी अध्यक्ष बैद्यले 'जनयुद्धको जगमा जनविद्रोह पार्टीको लाइन भएपछि आयोगमा दर्ता हुनुको अर्थ छैन'[25] भन्ने प्रतिक्रिया दिए ।

## राजनीतिक हिंसा

नेकपा माओवादी सहित ३३ दल र संघीय लोकतान्त्रिक मोर्चाले आयोजना गरेको बन्दका क्रममा दाङ र गोरखा जिल्लामा हिंसात्मक घटना भए । बन्दका बेला दाङमा एउटा बस र दुईवटा ट्रक तोडफोड गरिएका थिए भने गोरखामा एउटा निजी कारमाथि आक्रमण भएको थियो ।

## पार्टी प्रवेश

संविधानसभाको निर्वाचनको मिति नजिकिदै गर्दा राजनीतिक दलमा पार्टी प्रवेशको क्रम पनि बढ्यो । यस क्रममा विश्वबन्धु थापा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालमा प्रवेश गरे । तराई मधेश लोकतान्त्रिक पार्टीका सहमहामन्त्री रत्नेश्वर लाल एमालेमा र मधेशी जनअधिकार फोरम नेपालमा रहेका तिलक रावल नेपाली काँग्रसमा प्रवेश गरे । उता, मधेशी जनअधिकार फोरम गणतान्त्रिका तत्कालिन सह-अध्यक्ष एवं पूर्वसभासद् नन्दनकुमार दत्त एकीकृत नेकपा माओवादीमा प्रवेश गरे ।

## माओवादीमा पदीय विवाद

२०६९ साल माघमा हेटौडामा सम्पन्न माओवादीको अधिवेशनले अध्यक्ष, उपाध्यक्ष र महासचिव टुंगो लगाएपनि सचिव र कोषाध्यक्षको टुंगो लगाएको थिएन । केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष दाहालले

[25] यही स्थितिमा चुनावमा जाँदैनौ । कान्तिपुर दैनिक, पृष्ठ १ । जेठ १९, २०७० ।

पद बाडफाँडको प्रस्ताव पेश गरे । जसमा सचिवमा कृष्णबहादुर महरा, टोपबहादुर रायमाझी, वर्षमान पुन र गिरिराजमणि पोखरेल र कोषाध्यक्षमा हिसिला यमीको नाम प्रस्ताव गरे । यस्तै स्थायी समिति र पोलिटव्यूरो र केन्द्रीय सदस्यमा पनि नाम प्रस्ताव गरे । पोलिटब्यूरो र केन्द्रीय सदस्यका आकांक्षी धेरै भए । र, सचिवमा पनि विवाद भयो । पार्टीमा पद बाडफाँडबारे विवाद बढेपछि असार १५ गते उपाध्यक्ष बाबुराम भट्टराईले ‘सबैलाई पद चाहिएको छ, आजैबाट पद त्याग्छु’ भनी उपाध्यक्षवाट राजिनामा दिए । त्यसपछि माओवादीमा नयाँ तरङ आयो । पदाधिकारी बैठकले राजिनामा फिर्ता लिन भट्टराईलाई आग्रह गर्‍यो । सो विवाद मिल्न नसकेपछि माओवादीले साउन ४ गते राजधानीमा विस्तारित बैठक बोलाउने निर्णय गर्‍यो ।

## राजनीतिक संरक्षण

अनियमित रुपमा सम्पत्ती आर्जन गरेको आरोपमा सम्पत्ती शुद्धिकरण विभागले एमाले निकटको युवा संघका नेता परशुराम बस्नेत विरुद्ध विशेष अदालतमा मुद्दा दायर गर्‍यो । अदालतमा दुई करोड धरौटी बुझाउन नसकेपछि बस्नेत जेल परे । तर, त्यो ‘धरौटीको व्यवस्था’[26] युवा संघले गर्ने भयो ।

## क्षेत्र निर्धारण आयोग गठन

निर्वाचनको मिति घोषणा भएपछि मात्र निर्वाचन क्षेत्र निर्धारण आयोगले काम शुरु गर्‍यो । सपथ ग्रहण नभएकाले गठन भएको ११ दिनसम्म पनि आयोगले काम शुरु गर्न पाएको थिएन । असार ११ गते आयोगका अध्यक्ष तथा सदस्यहरुले सपथ ग्रहण गरेपछि मात्र आयोगको काम शुरु भएको हो ।

## निष्कर्ष

राजनीतिक दलहरु आफूहरुले गरेको पहिलेको निर्णयमा अडिग रहन सकेनन् । पटक पटक कुरा फेर्दा संविधानसभा निर्वाचन सम्बन्धी अध्यादेशबारे राजनीतिक दलहरुबीच सहमति जुटन सकेन । जसले गर्दा निर्वाचनको मिति घोषणामा ढिलाइ भयो । सरकारले मंसिरका लागि निर्वाचनको घोषणा गरेपनि दलहरुबीच सहमति हुन नसक्दा घोषित मितिमा निर्वाचन हुने/नहुने स्पष्ट हुन सकेन । निर्वाचन आयोगले निर्वाचनका गतिविधि त बढायो, तर राजनीतिक दलहरुबीच सहमति हुन नसकेकाले निर्वाचन हुन्छ नै भन्ने आधार तयार भएन ।

मुख्य राजनीतिक दलहरु निर्वाचनतर्फ केन्द्रीत भएपनि वैद्य नेतृत्वको मोर्चा तथा उपेन्द्र यादव नेतृत्वको अर्को मोर्चाका साथै संघीय समाजवादी पार्टीको विरोधका कारण चुनावी प्रक्रियाले गति लिन सकेन । विपक्षीहरुले भाग नलिएपनि निर्वाचन गराउने सरकारको दृढता रहिरह्यो । यद्यपी सरकार र मुख्य राजनीतिक दलहरुको दृढता र प्रतिवद्धताप्रति सबै आशंका रहिरह्यो । यसले निर्वाचनको वातावरण तयार हुन सकेन । निर्वाचनको वातावरण बनाउने काम राजनीतिक दलहरुको भनेर सरकार पनि आफ्नो दायित्वबाट पन्छिन खोज्यो । यसले मंसीरमा निर्वाचन हुने/नहुने भन्ने कुरामा अनिश्चय रहिरह्यो ।

---

[26] दाहाल, मणि । परशुरामको धरौटी जुटाउन युवा संघको उर्दी । Retrived June 29, 2013, from http://nagariknews.com/main-story/story/2709/2709